**Tribhuvan Journal** Vol. 4 No.1.pp.149-161, December, 2025; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI: **https://doi.org/10.3126/tribj.v4i1.94724**

# पाल्पाका प्रगतिवादी कविताको अध्ययन

*डा.टंकप्रसाद पन्थ*
*tankapanth12@gmail.com*
*त्रि.वि., त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 15 May 2025; Reviewed 20 August 2025; Revised 25 October 2025; Accepted 25 November 2025*

**लेखसार**

*प्रस्तुत लेख पाल्पाको प्रगतिवादी लेखनको विश्लेषणमा केन्द्रित रहेको छ । पाल्पा क्षेत्रमा रहेर समानता, स्वतन्त्रता र जनजीविकाका पक्षमा कलम चलाउने स्रष्टाहरूका कवितालाई आधार बनाई लेख तयार गरिएको छ । समाजको यथार्थ चित्रण गर्ने क्रममा जनताका मर्मलाई कवितामा व्यक्त गर्ने काम स्रष्टाहरूले गरेको पाइन्छ । समाजमा रहेको भोक, रोग, गरिबी, शोषण र दमनलाई झल्काउने काम पाल्पाली कविहरूले गरेको पाइन्छ । समाजका सीमान्तीकृत वर्गका आवाजलाई मुखरित गर्ने क्रममा प्रगतिवादी यथार्थवाद मुखरित भएको पाइन्छ । प्रगतिवादी यथार्थवादको सैद्धान्तिक मान्यतालाई उपयोग गरी केही प्रतिनिधि कविहरूको योगदानलाई विश्लेषण गरी यो लेख तयार गरिएको छ । प्रस्तुत लेखमा आवश्यक सामग्री प्रथम र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरी प्रगतिवादी चेतनाको सैद्धान्तिक अवधारणालाई प्रकाश पारी पाल्पाली कवितामा प्रस्तुत प्रगतिवादी चेतनालाई खोजी गर्ने काम यस लेखमा गरिएको छ । वर्तमान समाजको यथार्थ अवस्थालाई पाल्पाली कविहरूले व्यक्त गरेको कुरालाई प्रकाश पारिएको छ । यो गुणात्मक प्रकृतिको अध्ययन हो । सर्वेक्षणात्मक तथा पहिचानात्मक आधारमा विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई अगाडि बढाइएको छ । पाल्पाली कविहरूले के कस्तो रूपमा प्रगतिवादी मान्यतालाई प्रस्तुत गरेका छन् भन्ने मुख्य समस्यामा केन्द्रित रहेर विश्लेषण गर्ने काम गरिएको छ । पाल्पाली प्रतिनिधि कविहरूका कवितामा व्यक्त भएको प्रगतिवादी चेतनालाई समेटी निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अन्तरविरोध, उपेक्षित, द्वन्द्वात्मक भौतिकवाद, वर्ग व्यवस्था, सामाजिक न्याय ।

## विषयपरिचय

जीवनलाई भौतिकवादी यथार्थका आधारमा हेरी मानवीय अधिकारको पृष्ठपोषण गर्ने आधारभूत मान्यता प्रगतिवाद हो । वर्गीय विभेद जन्माउने मूल कडीको पहिचान गरी न्यायपूर्ण समानताका आधारमा विषयलाई हेर्ने कुरामा यसले जोड दिन्छ । नेपाली कविताका क्षेत्रमा प्रगतिवादी लेखन उर्वर रहेको पाइन्छ । त्यसको प्रभाव पाल्पाली स्रष्टाहरूमा पनि परेको देखिन्छ । पाल्पा क्षेत्रमा रहेर कविता लेख्ने कविहरूले सामाजिक विभेद र असमानताका विरुद्धमा कलम चलाउँदै आएको पाइन्छ । सामाजिक यथार्थको प्रस्तुतिका साथमा वर्गीय असमानताप्रतिको विमति सशक्त रूपमा मुखरित गर्नु यी कविहरूको प्रवृत्ति नै रहेको देखिन्छ । गरिब तथा शोषित उत्पीडित जनताका पक्षमा आवाज उठाई उनीहरूप्रतिको सहानुभूति व्यक्त गर्ने काम पाल्पाली स्रष्टाहरूले गरेको पाइन्छ । प्रगतिवादी साहित्यले खास वैचारिक पक्षधरतालाई अनुसरण गरेको देखिन्छ ।

पाल्पाको साहित्यिक विकासलाई हेर्दा प्रगतिवादी धारलाई पछ्याएर कलम चलाउने स्रष्टाहरू प्रशस्त रहेको देख्न सकिन्छ । गाउँ बस्तीमा भएका अन्याय र सामन्ती चिन्तनले सिर्जना गरेको प्रतिकूल जीवनलाई झल्काउने कुरामा पाल्पाली कविहरू सचेत रहेको पाइन्छ । भुइँ मान्छेका समस्या र आवाजलाई समेट्ने कुरामा कविहरूको ध्यान गएको देखिन्छ । प्रस्तुत लेखमा पाल्पाको प्रगतिवादी लेखनको परम्परा र वर्तमान अवस्थालाई विश्लेषण गर्ने काम गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा पाल्पाका केही प्रतिनिधि कविहरूका कवितालाई प्रगतिवादी चेतनाका आधारमा अध्ययन गरिएको छ । प्रगतिवादी चेतनाको उठानका क्रममा द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । कविहरूका कवितालाई प्राथमिक स्रोतका रूपमा सङ्कलन गरिएको छ भने सैद्धान्तिक पर्याधार निर्माणका क्रममा द्वितीयक स्रोतको सामग्रीलाई लिइएको छ । प्रस्तुत अध्ययन पहिचान र विश्लेषणमा आधारित रहेकाले गुणात्मक प्रकृतिको छ । पाल्पाली कविहरूले समानता, स्वतन्त्रता र वर्गीय पक्षधरतालाई आधार बनाई कविताहरू सिर्जना गरेको कुराको विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## प्रगतिवादको सैद्धान्तिक परिचय

समाज गतिशील छ, त्यही अनुरूप व्यक्तिका मान्यता र चिन्तन पनि प्रभावित रहेका हुन्छन् । समाजको प्रकृतिअनुसार कला र साहित्य पनि फरक प्रकृतिको रहेको पाइन्छ । समाजको वस्तुतथ्यगत विश्लेषण र द्वन्द्ववादी चिन्तनका साथमा कुनै वस्तुलाई हेर्ने काम भौतिकवादी जीवनदृष्टि हो । यो मार्क्सवादी दर्शनद्वारा प्रभावित रहेको हुन्छ । "कार्ल मार्क्सको दर्शनबाट प्रभावित भएको साहित्यिक धारा नै प्रगतिवाद हो । राज्यबाट पछाडि पारिएका किसान, मजदुर आदि निम्नवर्गका समुदायको अधिकार स्थापना गरी साम्यवादी र वर्गविहीन राज्यको परिकल्पनामा केन्द्रित रहनु प्रगतिवादको धर्म हो" (खतिवडा र भण्डारी, २०७७, पृ. ६६) । राजनीतिक तथा आर्थिक अधिकारका पक्षमा यसले जोड दिएको हुन्छ । समाजमा हुनेखाने र हुँदाखानेहरूका बिचमा सधैँ द्वन्द्व रहेको हुन्छ । "प्रगतिवादका अनुसार साहित्यसित वर्गको सम्बन्ध हुन्छ र साहित्यले कुनै न कुनै वर्गको पक्ष लिएको हुन्छ । प्रगतिवाद शोषितपीडित र आम जनसमुदायको पक्षमा उभिन्छ" (सुवेदी र गौतम २०७९, पृ. ३६३) । जीवनमा हरेक विपरीत पक्षका बिचमा सङ्घर्ष चलिरहेको हुन्छ भन्ने मान्यता माक्सवादी दर्शनको सार रहेको पाइन्छ । द्वन्द्वात्मक भौतिकवादले यही परस्परको अन्तरविरोधलाई जोड दिएको पाइन्छ । "विपरीत कुराहरू एकआपसमा सम्बद्ध हुनुका साथै तिनीहरूका बिचमा सङ्घर्ष पनि भइरहन्छ । विपरीतका बिचमा रहेको त्यही अन्तर्विरोधका कारण सङ्घर्ष अवश्यंभावी हुन जान्छ । त्यही अन्तर्विरोधले सङ्घर्षलाई प्रेरित गरिरहन्छ । यस्तो सङ्घर्ष भित्रभित्रै तबसम्म चल्छ जबसम्म अन्तर्विरोध शान्त हुँदैन" (सुवेदी र गौतम, २०७९, पृ. ३६१) । प्रगतिवाद एकप्रकारको वैचारिक आधारमा अडिएको हुन्छ । यसको आधारभूमि मार्क्सवादी सौन्दर्य चिन्तन हो । विचारधाराकै सापेक्षमा वर्गको संरचना निर्माण भएको स्पष्ट हुन्छ । समाजको वर्गीय चरित्रलाई कलाका माध्यमबाट व्यक्त गर्ने हुनाले यसलाई प्रगतिशील अभियानका रूपमा पनि लिने गरिएको छ । "विचारधारा वास्तवमा राजनीतिसँग जोडिएको विचारहरूकै शृङ्खला हो । यस्तो शृङ्खला विशिष्ट प्रकारको सामाजिक सांस्कृतिक सन्दर्भबाट जन्मन्छ र यसले समाजका निश्चित सामाजिक समूहहरूलाई प्रधानता दिन्छ" (ढकाल, २०७७, पृ. १८) । सामाजिक न्याय र समानताका पक्षमा डटेर कलम चलाउनका लागि यसले उत्प्रेरित गर्दछ । समाजका निमुखा र उपेक्षितहरूको अधिकार स्थापनामा यो आन्दोलन केन्द्रित रहेको हुन्छ । "सामाजिक अन्याय

तथा अत्याचारको विरुद्ध हरेक वर्गको भावना जागृत गराउन तम्सिने क्रान्तिकारी लेखकले आज शिरस्थ रहेको या आजको वर्गव्यवस्थामा दलितवर्गको उर्लँदो असन्तोषलाई दबाउन खोजेर बसेको वर्गमा समेत बौद्धिक क्रान्ति ल्याउने प्रयास छाड्नु हुँदैन" ( राणा, २०४५, पृ. १६०) । समाजमा जातका आधारमा, धनपैसाका आधारमा अहंकार र दम्भ सिर्जना भएको पाइन्छ । यसले गर्दा मानिसका बिचमा खाडल पैदा भई द्वन्द्व बढ्दै गएको पाइन्छ । यस्ता विभेद र द्वन्द्वलाई कम गरी सबै मानिसलाई समान आँखाले हेर्ने परिवेश निर्माणमा स्रष्टाहरूले कडीको काम गरेको पाइन्छ ।

कला साहित्यका क्षेत्रमा मार्क्सवादी सौन्दर्यशास्त्रीय आधारमा समाजको अवस्थालाई झल्काउने कुराले महत्त्व पाएको छ । प्रगतिवादी साहित्य चिन्तनले द्वन्द्वात्मक भौतिकवादलाई विश्वास गर्दछ । मार्क्सवादी दर्शनको जगमा यसको विकास भएको मानिन्छ । सामाजिक शोषण र अन्यायका विरुद्ध सबै जाति, वर्ग, लिङ्गको भावनालाई जागृत गराउनु यसको प्रवृत्तिगत धर्म मानिन्छ । समाजमा रहेको वर्ग व्यवस्थालाई हटाई समानताका आधारमा सबैको अधिकारलाई स्थापित गर्ने कुरामा यसले जोड दिन्छ । समाजका हुँदाखाने वर्गका समस्यालाई केन्द्रित गरी उनीहरूको पक्षमा अभिमत व्यक्त गर्नु यस प्रकृतिको लेखनको विशेषता रहेको पाइन्छ । "नेपाली कविता परम्परामा प्रगतिवादी कविताको आरम्भका निम्ति नेपाली आर्थिक-सामाजिक-राजनैतिक र साहित्यिक परिवेशले पृष्ठभूमिको कार्य गरेका छन् । शासक वर्गको अत्याचार दमन विरुद्ध जागृत हुँदै गएको नेपाली समाज र गतिविधिहरूले साहित्यकारहरूलाई प्रभावित पारेको छ" (भण्डारी, २०५५, पृ. ४९) । यस्ता कारक पक्षहरूले नै सिर्जनामा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । सामाजिक शोषण र असमानताप्रति तीव्र असन्तुष्टि व्यक्त गरिने हुँदा यस्ता रचनामा विद्रोही चेतना प्रकट भएको देखिन्छ ।

## पाल्पाली प्रगतिवादी कविताको अध्ययन

नेपाली साहित्यमा प्रगतिवादी लेखनको परम्परा समृद्ध अवस्थामा रहेको पाइन्छ । समाजका विभेद, शोषण, उत्पीडन र वर्गीय द्वन्द्वको अवस्थालाई सिर्जनाका माध्यमबाट व्यक्त गर्ने कुरामा स्रष्टाहरू क्रियाशील भएर लागेको देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाका कवितामा व्यङ्ग्य र विद्रोहको स्वर सशक्त रूपमा व्यक्त भएको पाइन्छ । गोपालप्रसाद रिमाल, केदारमान व्यथित, युद्धप्रसाद मिश्र, गोकुल जोशी, पारिजात प्रभृति कविहरूका कवितामा असमानता र विभेदप्रतिको असन्तुष्टिका स्वरहरू मुखरित भएको देखिन्छ । हुनेखाने र हुँदाखानेहरूका बिचको अन्तर अनि त्यसले सिर्जना गरेको विद्रुप यथार्थलाई झल्काई समानताको आग्रह गर्ने हुनाले यस्ता सिर्जनाहरूमा प्रगतिवादी चेतना प्रबल रहेको पाइन्छ । नेपाली कविताको विकासमा स्थानविशेषको योगदान पनि महत्त्वपूर्ण रहेको छ । यस सिलसिलामा पाल्पामा रहेर सिर्जना गर्ने कविहरूले समाजका शोषित पीडितका समस्या र मर्मलाई उठाई कविता लेखेका पाइन्छ । यस सम्बन्धमा गहिरो अध्ययन भने भएको पाइँदैन । अध्ययनको त्यही रिक्ततालाई पूर्णता दिने उद्देश्यले यो लेख तयार पारिएको हो ।

पाल्पाली साहित्यको प्रसङ्ग र परिचर्चा गर्नुपर्दा सेन कालदेखि नै पाल्पामा भाषा साहित्यका क्षेत्रमा काम हुन थालेको देखिन्छ । भानुभक्तका समकालीन मानिएका छविलाल नेपालले पाल्पामा बसेर कविताकाव्यमा कलम चलाएका कारण उनलाई पाल्पाली साहित्यका आदिकविको संज्ञा प्राप्त छ । यससँगै पाल्पामा कविता, आख्यान र नाटकका क्षेत्रमा स्रष्टाहरूले कलम चलाएको पाइन्छ । राणाशासन कालमा १९८३ मै 'पुस्तक पढ्ने दलान'को स्थापना भई नागरिकस्तरमा ज्ञानको भोक जगाउने काम हुनुलाई महत्त्वपूर्ण अभियानका रूपमा लिन सकिन्छ । यसपछि पाल्पामा औपचारिक रूपमा जन अधिकारको प्राप्ति र जागरणका स्वरहरू मुखरित हुन

थालेको अवस्था देख्न सकिन्छ । राणाहरूले बन्द गराएको 'पुस्तक पढ्ने दलान' २००३ सालमा धवल पुस्तकालयको नामबाट स्थापना भएसँगै पाल्पा क्षेत्रमा चेतना र जागरण थालिएको पाइन्छ । स्रष्टाहरूमा रहेको चेतनालाई सिर्जनाका माध्यमबाट मुखरित गराउने कार्यमा पनि पुस्तकालयले उल्लेखनीय भूमिका खेलेको पाइन्छ । धवल पुस्तकालयबाट प्रकाशित हस्तलिखित साहित्यिक पत्रिका *पथप्रदर्शक* (२००६) को प्रकाशन पनि पाल्पाली साहित्यको इतिहासमा महत्त्वपूर्ण कडी बनेर रहेको पाइन्छ । उक्त पत्रिकामा नागरिक अधिकार, चेतना, जागरण र क्रान्तिका स्वरहरू प्रतिबिम्बित हुनु र स्रष्टाहरूमा विद्रोही चेतना देखिनु जस्ता कुराले प्रगतिवादतर्फको झुकाव स्पष्ट देख्न सकिन्छ । सामन्ती सोच र प्रवृत्तिप्रति नजानिँदो गरी आवाजहरू मुखरित हुनुले प्रगतिवादतर्फको जग हाल्ने काम यस क्रममा भएको देखिन्छ । पश्चिम नेपालकै प्रशासनिक गौँडाका रूपमा रहेको तानसेनमा भाषा तथा साहित्यसम्बन्धी गतिविधि ज्यादा हुनु अनि जागृतिका कविताहरू लेखिनुलाई पनि स्वाभाविक रूपमा लिइन्छ ।

२००७ सालपूर्व राणाहरूका विरुद्धमा पाल्पाली स्रष्टाहरूले सशक्त कलम चलाएको देखिन्छ । धवल पुस्तकालयद्वरा प्रकाशित *पथप्रदर्शक* पत्रिकामा जागरण र मुक्तिका भावहरू समेटिएका कविता प्रकाशित भएको देखिन्छ । ईश्वरी आचार्य, कमलराज रेग्मी, त्रिरत्न वज्राचार्य आदिका कविताहरूमा जारण र परिवर्तनका स्वरहरू मुखरित भएको पाइन्छ । सामाजिक शोषणप्रतिको विद्रोह र जनअधिकार स्थापनाका लागि नागरिकलाई जगाउने कुरामा ती कविताहरू महत्त्वपूर्ण देखिन्छन् । २००७ सालको *पथप्रदर्शक* मासिक हस्तलिखित पत्रिका भाद्र अङकमा त्रिरत्न वज्राचार्यको 'प्रभात सन्देश' शीर्षकको गीति कवितामा जागरणको चेतना प्रस्तुत भएको पाइन्छ ।

उठ साथीभाइ हुँदै आयो पूर्व उज्यालो ....  
हट्दै गयो धमिलो बादल पूर्व दिशा आज  
भाग्न लाग्यो अन्धकार छोडी आफ्नो राज  
बढ्दै आयो प्रकाश आज पूर्वतिर झन्झन् उज्यालो ॥

उठ उठ.... (पथप्रदर्शक पृ. ६)

माथिको कविताांशमा बिम्ब र प्रतीकका माध्यमबाट जागरण र स्वतन्त्रताको झलक प्रस्तुत गरिएको छ । परिवर्तन र मुक्तिप्रतिको प्रतिबद्धता उक्त गीति कवितामा व्यक्त भएको पाइन्छ ।

२००७ साल अघिबाटै साहित्यमा कलम चलाएका कमलराज रेग्मीका कवितामा जागरणका साथ प्रगतिवादी स्वर मुखरित भएको पाइन्छ । "कमलराज रेग्मीका कवितामा जागरण र चेतनाको स्वर सञ्चार भएको पाइन्छ । राणाकालीन निरङ्कुशताबाट उन्मुक्ति र गरिब तथा असहायहरूप्रति सहानुभूति प्रकट गरी लेखिएका यस प्रवृत्तिका रचनाहरूमा विद्रोही चेतना पनि सशक्त रूपमा आएको पाइन्छ" (पन्थ, २०७९, पृ. ९) । पाल्पामा राजनीतिक जागरण ल्याउन र गरीखाने जनताका पक्षमा कलम चलाउने काममा कमलराज रेग्मी अग्रणी रहेको पाइन्छ । सरल शैली र गेयात्मक पाराले कविता लेखी जनचेतना जगाउने स्रष्टाका रूपमा चन्द्रप्रसाद अधिकारी उल्लेखनीय रहेका छन् । लोकलयमा जनताका पीडा र मर्मलाई प्रस्तुत गरी वर्गीय मुक्तिको आग्रह गर्नु यिनका कविताको मर्म हो । "गरिब जनताका पीडा र करुणालाई सरल भाषामा अभिव्यक्ति दिनमा चन्द्रप्रसाद अधिकारी उल्लेखनीय रहेका छन् । निम्नस्तरका जनता जनार्दनप्रति झुकेका अधिकारीका कविता ठूलाठालुका प्रवृत्तिमाथि झटारो हान्न पुग्छन्" (पन्थी, २०३९, पृ. ८८) । 'भो भो नरो जुरेली चरी तरो

पालो आइपुग्यो अब त ...' जस्ता कविताका पंक्तिबाट उनका कवितामा व्यक्त पक्षधरता स्पष्ट रूपमा देख्न सकिन्छ । गरिबहरूको अधिकार स्थापना र आत्म सम्मानको खोजी यिनका रचनामा पाइन्छ ।

पाल्पाली स्रष्टा जगतबहादुर जोशीका रचनामा प्रगतिवादतर्फ उन्मुख यथार्थवादी प्रवृत्ति पाइन्छ । यिनका *जसवन्ते* र *डम्मरेको टालो* कृतिमा गरिबी र शोषणको चित्र मुखरित भएको पाइन्छ । यिनको जसवन्ते काव्यमा इतिहासका वर्वरतापूर्ण घटनालाई प्रस्तुत गरी मानवीय स्वतन्त्रता र अधिकारलाई महत्त्व दिइएको पाइन्छ । काव्यको प्रमुख पात्र जसवन्तेले भोगेको बन्धन र ताडनालाई यसरी प्रकाश पारिएको छ :

एक कुनामा उभिएका
पराधीनताको डोरी
गलामा अल्झाएर,
बाँधिएको गलफन्दी र सिक्रीलाई
तोड्न खोज्यो उसले
अनि सिक्री छिङरिङ्ग बज्यो
तर
लोला गह्रुङ्गो थियो
यसको मनभन्दा पनि गह्रुङ्गो
र सिक्री
दासताको बन्धन जस्तै कडा र
मजबूत थियो । (जोशी, २०२८, पृ. ६)

माथिको कवितांशमा निरङ्कुशता, बन्धन र इतिहासदेखिको शोषणको झलक सजीव रूपमा उतारिएको देखिन्छ । इतिहासको कालखण्डमा भएका शोषण, दमन र उत्पीडनयुक्त व्यवहारले गर्दा मानवीय अस्तित्व नै धमिलिन गएको निष्कर्ष कविको छ ।

कारागारको बन्दी जीवन बिताएर दारुण यन्त्रणा भोग्न विवश जसवन्ते करोडौं हत्या, हिंसा, शोषण, दमन, उत्पीडन र बर्बरताहरू सहन गर्दागर्दै जर्जर बनेको मार्मिक कथा नै हो । मानव इतिहासमा भएका बृहत् भुलहरूबाट मानवजातिले भोग्नुपरेका यातना र सास्तीहरूको वास्तविक मर्मबोध नै जसवन्तेको सार हो ( पौड्याल, २०४६, पृ. २२) ।

तत्कालीन राज्यव्यवस्थाले दिएको यातना र गरिब निमुखाहरूको पीडादायी अवस्थालाई प्रकाश पार्ने कुरामा जोशी सचेत रहेको पाइन्छ । सामन्ती जाँतोमा पिनिएको जसवन्तेको यथार्थ अवस्थालाई प्रस्तुत गर्ने क्रममा प्रगतिवादी प्रवृत्ति सघन बनेको पाइन्छ ।

पाल्पा क्षेत्रमा क्रियाशील रहेर प्रगतिवादी कित्ताबाट कलम चलाउने केही प्रतिनिधि स्रष्टाहरूमध्ये रामचन्द्र भट्टराईको योगदान महत्त्वपूर्ण रहेको मानिन्छ । समाजमा जरा गाडेर बसेका सामन्ती सोच र विभेदप्रतिको सशक्त विमतिका साथै समानताको चेतना यिनका कविताको प्राप्ति हो । यिनको *बोई* (२०३३) काव्यमा सामाजिक शोषण र उत्पीडनको यथार्थ चित्रण गरिएको पाइन्छ । मानिसले भोग्नुपर्ने असमानता, भाग्यवाद र कुरीतिप्रतिको विमति बोईको वास्तविक मर्म हो ।

शोषितपीडित वर्गमा अन्यायको विरोध गर्ने सामर्थ्य र वर्गचेतनाको जागरण नफैलाईकन सामन्ती शोषणलाई निर्मूल गर्न सकिन्न भन्ने दृष्टिकोण राखेर यस काव्यले दमित वर्गमा सुषुप्त अवस्थामा रहेको वर्गचेतनालाई बिउँझाउँदै संगठित भई शोषक सामन्तहरूले गरेका थिचोमिचो अन्याय अत्याचार सामाजिक व्यभिचार र शोषणका विरुद्ध विद्रोह गर्न सुऱ्याउँछ (पौड्याल, २०४६, पृ. ४१) ।

मानवीय संवेदनाको प्रस्तुति *बोई* काव्य मर्म रहेको पाइन्छ । उक्त काव्यमा बोई, हले, गोरे लगायतका पात्रहरूको चयन गरी तिनले भोग्नुपरेको पीडा र अपमानलाई सजीव रूपमा प्रस्तुत गरिएको पाइन्छ । भौतिकवादी यथार्थवादका आधारमा जीवनलाई हेर्ने काम पनि कविले गरेको देखिन्छ । रामचन्द्र भट्टराईकै *हलो* (२०३९) कवितासङ्ग्रह सामाजिक शोषण र अन्यायप्रतिको तीव्र विरोध मुखरित भएको पाइन्छ । मुक्तकीय ढाँचाका कवितामा व्यङ्ग्यविद्रोहको भाव मुखरित हुनुका साथै श्रमजीवी जनताका पक्षमा सशक्त आवाज उठाइएकाले उक्त काव्यमा प्रगतिवादी चेतना सघन बनेर आएको देखिन्छ । यिनका सबैजसो कृतिमा जनताको अधिकारको खोजी, सामन्ती व्यवस्था र चिन्तनप्रतिको विमति, व्यङ्ग्य र विद्रोह प्रखर रूपमा व्यक्त भएको पाइन्छ ।

गोविन्द नेपालले गोविन्द 'सुमन'का नामबाट कविता लेखेको पाइन्छ । यिनको *खुट्टाको बुई र मुटुको बोल* (२०३८) कवितासङ्ग्रह प्रकाशित छ । उक्त सङ्ग्रहको 'गरिबहरू यसो भन्छन्' शीर्षकको कवितामा गरिब जनताको मर्म र अधिकारका स्वरहरू मुखरित भएको पाइन्छ ।

भैँसी-
    ब्याउनासाथ साहूको गोठमा सर्ने गर्छ
खसी-
    छिप्पिनासाथ साहूको चाडबाडमा मर्ने गर्छ
छोरो-
    हुर्किनासाथ साहूकै चाकडी गर्ने गर्छ
मेहनत-
    फल्नासाथ साहूकै भकारी भर्ने गर्छ । (सुमन, २०३८, पृ. १६)

समाजमा रहेको गरीखाने र बसीखाने बिचको असमानतालाई झल्काउने कुरामा प्रस्तुत कवितांश सबल रहेको देख्न सकिन्छ । सामाजिक विकृतिमाथि प्रहार गरी मानवीय मूल्यको खोजी गर्ने यी कवितामा प्रगतिवादी चेतना प्रतिबिम्बित भएको पाइन्छ । "केही कवितामा निमुखा र गरिब जनताका दयनीय आर्थिक स्थितिप्रति कवि सुमनले गहिरो सहानुभूति प्रकट गर्दै सामन्तवाद विरोधी भावना पोखेका छन् जसका आधारमा उनलाई प्रगतिवादी धारणको धरातलमा उभ्याउन सकिन्छ" (पौड्याल, २०४१, पृ. २६६) । सामाजिक समस्या र गरिबहरूका पीडालाई मुखरित गरिएका यस्ता केही कवितामा वर्गीय चेतना पनि अभिव्यक्त भएको पाइन्छ ।

पाल्पाको साहित्यिक क्रियाकलापलाई हेर्दा तानसेनमा मात्र नभई गाउँबस्तीमा बसेर पनि स्रष्टाहरू क्रियाशील रहेको अवस्था देखिन्छ । पाल्पाका गाउँबस्तीमा रहेर साहित्य साधनामा लाग्ने स्रष्टाहरू पनि उल्लेखनीय रहेका छन् । तानसेनमा रहेर साधना गर्ने स्रष्टाहरूमा त्रिरत्न वज्राचार्य, कवीन्द्रमान सिंह,

चिनियालाल वज्राचार्य, जगतबहादुर जोशी, विनय कसजू, डिल्लीराज अर्याल, गंगा कसजू, शालग्राम अधिकारी, उमानाथ आत्रेय, मेघराज शर्मा, सुशीला श्रेष्ठ, निर्मल श्रेष्ठ आदिका रचनामा प्रगतिवादी रुझान व्यक्त भएको देख्न सकिन्छ । पछिल्लो विस्तारित तानसेनको कुरा गर्दा मदनपोखरादेखि अर्गलीसम्मका स्रष्टाहरूलाई पनि तानसेनमै समेट्नुपर्ने अवस्था देखिएको छ । यस सन्दर्भमा विष्णुप्रभात, रामप्रसाद अर्याल, राधाकृष्ण शर्मा, सोमप्रसाद पाण्डे, राजेशकुमार अर्याल, लक्ष्मण देवकोटा, सोमनाथ अर्याल, गुणाकर अर्याल, गुणाकर भुसाल, हरि भुसाल, यमलाल पाण्डे, रीमा सोमै लगायतका स्रष्टाहरूले प्रगतिवादी धारलाई धेरथोर रूपमा समातेको देख्न सकिन्छ । २००७ सालको परिवर्तनभन्दा पहिलेदेखि नै पाल्पाली स्रष्टाहरूमा समानता, स्वतन्त्रता र जनजीविकाका पक्षमा प्रतिबद्ध भई साहित्य सिर्जना गरेको देखिन्छ । कविता, कथा, नाटक आदि रचना गर्ने अनि वाचन र अभिनयका माध्यमबाट जनचेतना जगाउने काम पनि भएको पाइन्छ । यस्ता कार्यले एकातिर स्रष्टाहरूमा जागरण ल्याउनुका साथै समानताप्रतिको प्रतिबद्धता जागृत गरेको देखिन्छ ।

कवीन्द्रमान सिंहको *क्षितिजको परिवेशभित्र* कवितासङ्ग्रहको 'लाहुरे रामबहादुर' शीर्षकको कवितामा नेपालीहरूको गरिबी अवस्था र विदेशिनुको विवशतालाई सजीव रूपमा चित्रण गरेको पाइन्छ ।

मेरो 'रामे' कुनै होटलको 'ब्वाय' हुनसक्छ
तिम्रो 'कृष्णे' कुनै साहेबको 'सर्भेन्ट' हुनसक्छ
तर ती दुवै 'बहादुर'का पीर-मर्का एउटै छन्
कसैबाट तिनीहरू पिरोलिएका हुनसक्छन्
सायद तिनीहरूका 'गाँस र बास'
'तमसुक'ले अपहरण गरिएको हुनसक्छ
ती दुबै 'बहादुर'का सीमित परिवार छन्
पेटमा सबैको भोक छ तर भोजन छैन । (सिंह, २०५४, पृ. ४८)

माथिको कविताशंमा नेपालीहरूले भोग्नुपरेको पीडा र अभावका कारण विदेशी भूमिमा जोतिनुपर्ने पीडालाई प्रकाश पारिएको छ । विदेशी भूमिमा साहेबहरूको घोचपेच सहेर परिवार पाल्नुपर्ने बाध्यतालाई प्रस्तुत गरिएकाले मानवीय संवेदनाका साथमा प्रगतिवादी चेतना मुखरित भएको पाइन्छ ।

तानसेन बाहिर जन्मेर  साधना गर्ने स्रष्टाहरूमा गणेश ज्ञवाली, आलोक न्यौपाने, दलबहादुर गुरुङ, चक्रव्यूह थापा, आर.बी. निश्चल, कृष्ण थापा, रामराज ज्ञवाली, नवराज ज्ञवाली, दुर्गादत्त रेग्मी, रामकृष्ण ज्ञवाली, हरि ज्ञवाली लगायतका स्रष्टाहरू रहेका छन् । यिनीहरूका रचनामा वर्गीय चेतनाका साथमा सीमान्तकृत जनताप्रतिको सहानुभूति प्रकट भएको पाइन्छ । गरिबहरूका पीडा, मर्म र समस्यालाई विषय बनाउनुका साथै विद्रोही चेतना प्रखर बनेर आएको पाइन्छ । गणेश ज्ञवालीका कवितामा क्रान्ति, परिवर्तन र वर्गीय चेतना मुखरित भएको पाइन्छ । जनजीविका र असमान समाजिक संरचनाप्रतिको विमतिका साथमा समानताप्रतिको आग्रह व्यक्त भएको पाइन्छ ।

कवि गणेश ज्ञवालीका कवितामा भौतिकवादी जीवनदृष्टि र वर्गीय चेतना मुखरित भएको पाइन्छ । यिनको *बिहानीको खोज* (२०६५) सामन्ती व्यवस्थाको समुल अन्त्य गरी जनतान्त्रिक व्यवस्थाको स्थापनाको आग्रह पाइन्छ । सामाजिक बेथिति र विसङ्गतिप्रतिको विमतिका साथमा समानताको आग्रह यिनका कवितामा रहेको

पाइन्छ । 'श्रमजीवीको आवाज' शीर्षकको कवितामा सामाजिक असमानतालाई संरक्षण गर्ने व्यवस्था नै हटाउने सङ्कल्प यसरी व्यक्त भएको पाइन्छ :

थाहा पायौँ यो शासनमा न्याय पाइँदैन
मालिक हुँ भन्ने ठालु अब चाहिँदैन
काम गर्न सक्ने हामी राज चलाउँछौँ
चुसाहाको साम्राज्यलाई अब ढलाउँछौँ
सर्वहारा एक हुने पाठ पढाउँदै
नसा नसा रगतमा जोश चढाउँदै
शोषणको विषवृक्ष हामी ढालिदिन्छौँ
श्रमजीवी व्यवस्थाको जग हालिदिन्छौँ । (ज्ञवाली, २०६५, पृ. ४०)

परम्परागत व्यवस्थामा जनताले भोगेका पीडा र भेदभावका कारण श्रमजीवी जनताको कल्याण गर्ने राज्य व्यवस्थाको जग हाल्ने अठोटका साथमा प्रगतिवादी चेतना सशक्त बनेको पाइन्छ । मालिक र नोकर नभई सबै जनता समान हुनुपर्ने मान्यता कविको पाइन्छ ।

कवि दलबहादुर गुरुङका कविताहरूले बिम्ब र प्रतीकका साथमा समाजमा रहेका वर्गीय तथा जातीय असमानतालाई समेटेको देख्न सकिन्छ । निराशाका बिचमा आशाको सङ्केत पाइने यिनका कविताहरू भुइँ मान्छेका आवाजका रूपमा लिइएको पाइन्छ । चक्रव्यूह थापाका कवितामा पनि प्रगतिवादी स्वर मुखरित भएको पाइन्छ ।

कवि आर. बी. निश्चलका कवितामा जातीय उत्पीडन र छुवाछूतले निम्त्याएको समस्यालाई प्रकाश पारिएको छ । जन्मिँदै मानिसलाई अपमान गर्ने प्रवृत्तिप्रतिको विद्रोह यिनमा कवितामा सशक्त रहेको देखिन्छ । यिनको पैताला पुकार कवितासङ्ग्रहको भूमिकामा नेत्रप्रसाद न्यौपानेले मूलतः परम्परित वर्णव्यवस्थाले समाजमा विभेद बढाएको, सामाजिक संरुचनालाई कुरूप बनाएको, मानवतामा ह्रास ल्याई मानिसहरूबीच द्वन्द्व बढाएको विषयमा कवि विश्वस्त छन् र आखिर मानिसहरूद्वारा सिर्जित यस्ता विसङ्गतिहरूलाई चिर्न उनी काव्यमा उद्यत बनेका छन् भन्ने कुरा प्रकाश पारेका छन् । (निश्चल, २०७३, पृ.३५) । यिनको 'भन, तिमी के मान्छौ ?' कवितामा मानिसबीचको विभेदलाई प्रस्तुत गर्ने क्रममा विद्रोही चेतना यसरी व्यक्त भएको पाइन्छ :

अनि फेरि छोइछिटो किन ?
मान्छे-मान्छेबीच किन भेदभाव ?
भन तिमी के मान्छौ ?
आफूलाई के ठान्छौ ?
ईश्वर मान्छौ या विकास ?
जे माने पनि छुवाछूत गर्छौ भने
तिमी पापी, नीच हौ
परजीवी भाइमारा जीव हौ । (निश्चल, २०७३, पृ. १६९)

मानिस मानिसबिचको विभेद र छुवाछूतले जन्माएको समस्याप्रतिको सशक्त विद्रोह माथिको कवितांशमा पाइन्छ । मानिसमा किन उच र नीचको विभेद भन्ने मर्मका साथमा प्रगतिवादी चिन्तन मुखरित भएको देखिन्छ ।

तानसेनभन्दा पूर्वमा रहेर प्रगतिवादी धारमा कलम चलाउने स्रष्टाहरूमा ईश्वरी आचार्य, कृष्णभक्त देवकोटा, नीलकण्ठ न्यौपाने, झपेन्द्र खनाल, गोविन्द भट्टराई, विश्वनाथ गैरे, कृष्ण पहारी, गणेश नेपाली, गोमविक्रम क्षेत्री, कृष्णकला भण्डारी, दयाराम भट्टराई, हरि घिमिरे, विजया पन्त, युवराज पन्त, वासु ढकाल, भीमलाल बस्याल लगायतका स्रष्टाहरू क्रियाशील रहेको पाइन्छ । यीमध्ये गुणात्मक र परिमाणात्मक रूपले कवि नीलकण्ठ न्यौपाने अग्रणी स्थानमा रहेका छन् । कवि नीलकण्ठ न्यौपाने पाल्पाको गाउँबस्तीका समस्यालाई आधार बनाई कविता लेख्ने स्रष्टाका रूपमा परिचित रहेको पाइन्छ । यिनका प्रारम्भिक चरणका कविताकाव्यमा प्रगतिवादी चेतना ज्यादा प्रखर रहेको पाइन्छ । उमेर अनि साधनाको विकाससँगै प्रारम्भकालको प्रखरतामा क्रमशः शिथिलता आएको देखिन्छ । जातभातको दम्भले समाजलाई विभाजित गरेको मर्मलाई उठाई विद्रोही स्वर व्यक्त गर्ने कुरामा न्यौपाने अग्रणी मानिन्छन् । यिनका *पुरेतको मुखमा बुजो* र *बाँधा* जस्ता काव्यमा प्रगतिवादी स्वर सशक्त बनेको देखिन्छ ।

नीलकण्ठ न्यौपानेका प्रारम्भिक समयका कविताकाव्यमा प्रगतिवादी चेतना सशक्त रूपमा व्यक्त भएको पाइन्छ । यिनको *पुरेतको मुखमा बुजो* (२०३४) लाई समाजिक जागरण र विद्रोहको सशक्त प्राप्ति मान्न सकिन्छ । प्रस्तुत काव्यमा तत्कालीन नेपाली समाजमा जरागाडेर रहेको जातभात र छुवाछूत प्रथाको विरोध गरी समानताको आग्रह गरिएको पाइन्छ । समाजका केही व्यक्तिहरूले धार्मिक अन्धविश्वास, आडम्बर र ढोंगलाई पछ्याएर समाजलाई पछाडितर्फ धकेल्ने प्रवृत्तिप्रति प्रहार गरिएको पाइन्छ । तथ्यविहीन पौरोहित्यवादप्रतिको विमति काव्यमा सशक्त बनेर आएको पाइन्छ ।

> पौरोहित्यवाद र परम्परागत धार्मिक मान्यताका व्यापक त्रुटि र कमजोरीहरूलाई औल्याएर परम्परावाद थोत्रो पूर्वाग्रहमा अडेको छ भन्ने सावित गर्दै तर्कसङ्गत वैज्ञानिक विचारधारामा अडेको आधुनिक दृष्टिकोणका सामु परम्परावादी धारणाले पराजय स्वीकार्न विवश भएको कुरा दर्शाएर यो काव्य टुङ्गिएको छ (पौड्याल, २०४६, पृ. ५०) ।

कवि नीलकण्ठ न्यौपानेको युवा उमेरको प्रखरता र प्रगतिवादी आस्थाको प्रतिबिम्ब उक्त काव्यमा प्रखर बनेर आएको खदेख्न सकिन्छ ।

कवि न्यौपानेको *बाँधा* (२०३८) काव्यमा प्रगतिवादी चेतना सशक्त बनेको पाइन्छ । सामन्ती चिन्तन र शोषणको मारमा परेका जनताका पीडालाई प्रस्तुत गरी भौतिक सत्यका आधारमा जीवनलाई हेर्नुपर्ने मान्यता मुखरित भएको छ । घरमा बसेको बाँधा बिरामी भएर काम गर्न नसक्दा पनि अत्तो थापेर पिट्ने मालिकको प्रवृत्तिप्रति विमति प्रकट गरिएको छ ।

> नोकरका रूपमा गरिब कज्याउने प्रवृत्तिलाई पुरानो दासप्रथाकै आधुनिक रूपान्तरणका रूपमा हेर्न खोज्नु बाँधाको खास दृष्टिबिन्दु हो । बाँधामा जीवनको सबभन्दा ठूलो अभिशाप आर्थिक दासता हो र त्यसबाट मुक्ति नपाएसम्म सही अर्थमा दासविमोचन मान्न सकिन्न भन्ने प्रगतिवादी दृष्टिकोण अङ्गीकार गरिएको छ (पौड्याल, २०४६, पृ. ४३) ।

मानिसले आत्मसम्मानका साथमा बाँच्न पाउनुपर्ने आग्रह कविको रहेको छ । सामाजिक सद्भाव र वर्गीय समानताको आग्रह गर्नु कवि नीलकण्ठको वैशिष्ट्य रहेको पाइन्छ । सामाजिक विभेदको स्वरूपलाई कविले यसरी देखाएका छन् :

फालाफाल कतै अनाज रमिता देखिन्छ चारैतिर
दानासम्म नभै चिहान विचरा बन्छन् कतै आखिर
यौटै मानवमा गरेछ कसले यो अंश बन्डा कता
थाप्लामा धरि दैवका मिलीजुली सामन्त लुट्छन् मजा ॥ (न्यौपाने, २०३८, पृ. १९)

सामाजिक असमानताको जीवन्त तस्बिर माथिको काव्यांशमा व्यक्त भएको पाइन्छ । कोही अजीर्ण बन्ने तर कोही भोकै मनुपर्ने नियतिको चित्र प्रस्तुत गरी वर्गीय समानताको आग्रह कविले गरेको पाइन्छ । *नेपाल काव्य* (२०६३) मा समाजको वर्गीय अवस्थालाई यसरी व्यक्त गरिएको छ :

गरिब माग्ने निमुखा कुनै दिनहुँ खसेका
महलभित्र सीमित व्यक्ति मोजले बसेका ॥ (न्यौपाने, २०६३, पृ. ३७)

निमुखा गरिबहरू झन्झन् गरिब बन्दै गएको र सीमित व्यक्तिहरूले महलमा सुखभोग गरेको असमानताको झलक माथिको पंक्तिमा प्रस्तुत गरिएको पाइन्छ । सामाजिक जागरणका साथमा समानताको आग्रह गरिएका यिनका कवितामा प्रगतिवादी चेतना सबल रहेको मान्नुपर्दछ ।

कवि कृष्णप्रसाद बस्यालका कवितामा सामाजिक विभेद र शोषण विरुद्धको आवाज सशक्त रूपमा व्यक्त भएको देख्न सकिन्छ । *सुस्केरा* कवितासङ्ग्रहभित्रको 'जातिवाद विरुद्धको सङ्घर्ष' शीर्षकको कवितामा यस्तो कुरा उल्लेख भएको पाइन्छ :

निर्धो व्यक्ति शोषित हुन गो
शोषक बलियो चाहिँ बन्यो
श्रम विभाजन भन्दाभन्दै
ऊँच नीचको भाव बढ्यो । (बस्याल, २०३४, पृ. २८)

कवि बस्यालद्वारा समाजमा रहेका दासता, शोषण र गरिबीप्रति लक्षित गरी समानताको भाव प्रस्तुत गरिएको पाइन्छ ।

कवि कृष्ण पहारीका कवितामा राष्ट्र, राष्ट्रियता र गरिब जनताका समस्यालाई उठाइएको पाइन्छ । यिनका कविता र मुक्तकमा विद्रोही चेतनासमेत सल्बलाएको देखिन्छ । *परिवेशभित्रका पीडाहरू* मुक्तकसङ्ग्रहमा प्रस्तुत मुक्तक यस्तो रहेको छ :

सबै मिली गाउनुपर्छ क्रान्तिका गीतहरू
अनि मात्र हुन्छन् साथी एकताका जीतहरू
विद्रोहका स्वरहरू गुञ्जाएर सधैँभरि
तोड्नुपर्छ दासत्व र बन्धनका रीतहरू । (पहारी, २०६५, पृ. २३)

माथिको कवितांशमा समाजमा भएका दासत्व र बन्धनबाट मुक्ति पाउनका लागि क्रान्ति अनिवार्य भएको मर्मका साथमा प्रगतिवादी भाव व्यक्त हुन पुगेको देखिन्छ । सबैको एकताले मात्र समाजमा न्याय स्थापना गर्न सकिन्छ भन्ने मर्म पनि उक्त अंशमा व्यक्त भएको पाइन्छ ।

कवि झपेन्द्र जी.सी. तत्काल सिर्जना गर्ने क्षमता भएका कवि हुन् । बाल कवितामा पनि यिनको कलम चलेको छ । समाजका यथार्थलाई टिपी सत्य र तथ्यका साथमा प्रस्तुत गर्ने हुनाले यिनका कवितामा

भौतिकवादी यथार्थवाद व्यक्त भएको पाइन्छ । सामाजिक विभेद, ढोंग र आडम्बरप्रतिको विमतिका साथै सुधारको आग्रह यिनका रचनाको प्राप्ति हो । 'प्रगतिवाद यिनका कविताको मुख्य प्रवृत्ति हो भने स्वच्छन्दतावादी प्रकृविादी चेतना समेत यिनका कवितामा पाइन्छ' (गहिरे, २०७९, पृ. १९८) । द्वन्द्वात्मक भौतिकवादी दृष्टिका साथमा वस्तुलाई हेर्ने प्रवृत्ति यिनका रचनामा पाइन्छ । सामाजिक परिवर्तन र जनताको अधिकारलाई स्थापित गराउने कुरामा यिनका रचना महत्त्वपूर्ण रहेको पाइन्छ ।

अजम्बरध्वज खाती पाल्पा क्षेत्रका सशक्त प्रतिभा मानिन्छन् । यिनले कविता, खण्डकाव्य र महाकाव्यमा सशक्त कलम चलाएको देखिन्छ । समाजका भोक, रोग, गरिबीका साथै विकृतिमाथि प्रहार गर्नु यिनका कविताकाव्यको धर्म हो । "कवि खातीका अकिांश कविताकृतिमा सामन्तवाद जस्ता शब्दको प्रयोग नगरी सामन्तवादका विरुद्धमा जनचेतना जगाइएको छ र नारी उत्पीडनको खुलासा गर्दै लैङ्गिक समानतामा जोड दिइएको छ । खातीका ठूली, माइली, तपस्विनी जस्ता काव्यहरू नारीवादी चेतनाले युक्त देखिन्छन्" (ज्ञवाली, २०७३, पृ. ७३) । यिनका कवितामा युगबोध, जागरण, वर्गीय पक्षधरता र परिवर्तनका स्वरहरू मुखरित भएको पाइन्छ । तपस्विनी महाकाव्यमा सशस्त्र सङ्घर्ष र समाजमा रहेको विभेदलाई यसरी प्रकाश पारिएको छ :

गरिब धनी यो वर्ग युद्ध कहिलै तुरिन्न
कथा र व्यथा लेखेर यिन्का कहिल्यै सकिन्न
रहँदासम्म गरिब धनी देशको धर्ममा
निसाफ पाउने बाटो नै हुन्न मान्छेको कर्ममा ॥ (खाती, २०६९, पृ. ७९)

धनी र गरिबका बिचको वर्गयुद्ध वा सङ्घर्ष अन्त्यहीन रहेको मर्मलाई प्रस्तुत गर्ने क्रममा मार्क्सवादी दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । सामाजिक संरचनाको प्रकृतिलाई उल्लेख गरी गरिबका कथाव्यथा अथाह रहेको मर्म व्यक्त भएको पाइन्छ ।

यिनको माइली खण्डकाव्यको भूमिकामा समीक्षक दिल साहनी लेख्छन् - वैचारिक दृष्टिले हेर्दा उनको माइली खण्डकाव्य न पुरै क्रान्तिकारी हुन सकेको छ न यथास्थितिवादी नै । यथार्थमा यो क्रान्तिकारी विचार र यथास्थितिवादी विचारको दोसाँध हुन पुगेको छ । यसले द्वन्द्ववादी विचारलाई न पुरै फाल्न सकेको छ न पुरै अपनाउन । (खाती, २०६७, पृ. ३१) । विचारका आधारमा रूढ मार्क्सवादी प्रवृत्ति नपाए पनि यस काव्यमा प्रगतिवादतर्फको झुकाव रहेको देखिन्छ ।

कवि प्रेमनाथ घिमिरेका कवितामा वर्गीय चेतनाका साथमा समानताका स्वरहरू मुखरित भएको पाइन्छ । यिनको *अमर अनुभूति* कवितासङ्ग्रहको 'बाँच ठुला र ठालु' शीर्षकको कवितामा गरिबहरूको नियतिलाई प्रकाश पारिएको पाइन्छ :

कठै ती देशका युवा विदेसिने गरिब नै
सेना वा प्रहरी जो छन् लड्ने मर्ने गरिब नै
युगौंयुग सुकुम्बासी बनेका छन् गरिब नै
चाँदनी र दोधारामा डुबेका छन् गरिब नै ।

समाजमा विद्यमान असमानता र विभेदका कारण गरिबहरू नै मारमा परेको यथार्थलाई माथिको कवितांशमा प्रकाश पारिएको छ । सामन्ती सोच र व्यवहारका कारण समाजमा समस्या निम्तिएको मर्मलाई यिनले प्रस्तुत गरेको देखिन्छ ।

यी प्रतिनिधि कविहरू लगायत अन्य कविका सिर्जनामा समाजका विकृति, बेथिति र अन्यायप्रतिको विमतिका साथमा सुधारको चाहना राखेर कविता लेखिएको पाइन्छ । समाजमा रहेको असमानता, निरङ्कुशताबाट मुक्ति अनि आत्मसम्मानको आग्रह गरिएका कविताहरू रचना गर्ने क्रम चलिरहेको देखिन्छ ।

## निष्कर्ष

नेपाली कवितामा प्रगतिवादी धार सशक्त रूपमा विकास भएको देखिन्छ । राणशासनको अन्त्यको सिलसिलाबाटै कविहरूमा जागरणको लहर आएको देख्न सकिन्छ । समाजमा हुनेखानेहरूबाट हुँदाखानेहरू थिचोमिचोमा परेको विषयलाई केन्द्रभागमा राखेर कविता सिर्जना गर्ने कुरामा पाल्पाली कविहरू पनि क्रियाशील रहेको पाइन्छ । २००६ सालतिरबाटै पाल्पाली कवितामा प्रगतिवादी चेतना प्रवाहित भएको देखिन्छ । धवल पुस्तकालयद्वारा प्रकाशित *पथप्रदर्शक* पत्रिकामा कविहरूले विभेदप्रति सशक्त आवाज उठाउनुले राणाशासनप्रतिको विमतिसँगै जनअधिकारको रक्षा र समानताको आग्रह गरिएको पाइन्छ । त्यससँगै उठेको पाल्पाली प्रगतिवादी धारा पञ्चायतकालमा सबल रूपमा विकास भएको देखिन्छ । त्यसपछिको प्रजातान्त्रिक समयमा आइपुग्दा जनअधिकारका विषय तथा भुइँ मान्छेका पक्षमा कविताहरू सिर्जना गरिएको पाइन्छ । यसैगरी विद्यमान ढोंग र आडम्बरप्रति व्यङ्ग्यविद्रोही भावका कविताहरू लेखी समाजका विकृति र विसङ्गति हटाउने कुरामा पाल्पाली कविहरू सजग रहेको पाइन्छ । समाजमा विद्यमान वर्गीय विभेद तथा विदेशीको गुलाम बनेर मानवीय मूल्य र स्वाधीनता गुमाउनुको पीडालाई कविहरूले खबरदारीसमेत गरेको देख्न सकिन्छ ।

पाल्पाली कवितामा समाजले भोगेका वास्तविकतालाई समेटिएको पाइन्छ । सामाजिक यथार्थको प्रस्तुतिसँगै गरिबीको चपेटामा सीमान्तकृत जीवन बाँचेका मानिसहरूप्रति सहानुभूति राखेर लेखिएका कविताहरू पनि सशक्त रहेको पाइन्छ । पाल्पाली कविहरूले शासन व्यवस्थाले गर्दा सिर्जना भएका विभेद, समाजका ढोंगी प्रवृत्तिका कारण भोग्नुपरेका प्रतिकूल परिस्थितिलाई झल्काई समानताका आवाजहरू प्रस्तुत गर्नुले यी कविता काव्यमा प्रगतिवादी स्वर सघन बनेर आएको कुरा प्रस्ट हुन्छ । मानिसको बाँच्न पाउने अधिकारलाई खोसेर केही मानिसहरूले शोषण र दमन गरेकोप्रति विमति राखी न्यायपूर्ण समाजको निर्माणमा यी कविताहरू साधनका रूपमा आएको देखिन्छ । पञ्चायती व्यवस्थामा भोगिएका ताडना अनि लोकतान्त्रिक समयमा भित्रिएका विकृति र बेथितिहरूमाथि प्रहार गर्ने क्रममा मानव अधिकार र मूल्यप्रतिको प्रतिबद्धताका स्वरहरू सशक्त रूपमा मुखरित भएको देख्न सकिन्छ । कुलीन तथा घरानियाहरूको दम्भपूर्ण व्यवहारप्रतिको कटाक्षपूर्ण प्रहार अनि समानताको आग्रह स्पष्ट देख्न सकिन्छ । समाजमा रहेका विभेदलाई हटाई आम जनताको जीवनलाई समृद्ध तुल्याउने कुरामा पाल्पाली कविहरूका सिर्जनाले मुख्य कडीको काम गरेको देखिन्छ ।

## सन्दर्भसामग्री सूची

खतिवडा, लेखराज र भण्डारी महेन्द्र (२०७७). *आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका प्रवृत्ति.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खाती, अजम्बरध्वज (२०६७). *माइली.* सुब्बेनी आमा रतनबाई खाती प्रतिष्ठान ।

खाती, अजम्बरध्वज (२०६९). *तपस्विनी.* सुब्बेनी आमा रतनबाई खाती प्रतिष्ठान ।

गहिरे, मन सम्पा. (२०७९). *पाल्पाको भाषा, कला, साहित्य र संस्कृति.* नारी साहित्य तथा संस्कृति प्रतिष्ठान पाल्पा ।

घिमिरे, प्रेमनाथ (२०८०). *अमर अनुभूति.* दोस्रो संस्करण. विद्यालक्ष्मी घिमिरे ।

ज्ञवाली, गणेश (२०६५). *बिहानीको खोज.* विवेक ज्ञवाली ।

ज्ञवाली, हिरण्यलाल (२०७३). *अजम्बरध्वज खातीको काव्यिक व्यक्तित्व.* सुब्बेनी आमा रतनबाई खाती प्रतिष्ठान ।
जोशी, जगतबहादुर (२०२८). *जसवन्ते.* जगतबहादुर जोशी ।
ढकाल, रजनी (२०७७). *समकालीन नेपाली कथामा वैचारिकता.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।
निश्चल, आर. बी. (२०७३). *पैताला पुकार.* धवल पुस्तकालय, पाल्पा ।
न्यौपाने, नीलकण्ठ (२०३८). *बाँधा.* कालिदास श्रेष्ठ ।
न्यौपाने, नीलकण्ठ (२०६३) *नेपाल* गीतिकाव्य. लुम्बिनी डिजाइनिङ एन्ड प्रिन्टिङ ।
पथप्रदर्शक मासिक हस्तलिखित पत्रिका (वृक्ष १, विसं. २००७ आश्विन-भाद्र, फल ६-७)
पन्थ, टंकप्रसाद (२०७९). *पाल्पाको साहित्येतिहास र अन्य समालोचना.* धवल पुस्तकालय पाल्पा ।
पन्थी, दीन (२०३९). "लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा" *हाम्रो पुरुषार्थ* (वर्ष ९, अङ्क २, सम्पूर्णाङ्क १५) किरण पुस्तकालय गुल्मी ।
पहारी, कृष्ण (२०६५). *परिवेशभित्रका पीडाहरू.* पोखराथोक साहित्य संगम, पाल्पा ।
पौड्याल, हीरामणि शर्मा (२०४१). *समालोचनाको बाटोमा.* इन्दिरा शर्मा पौड्याल ।
पौड्याल, हीरामणि शर्मा (२०४६). *रचना विवेचना.* इन्दिरा शर्मा पौड्याल ।
भण्डारी, जगदीश चन्द्र (२०५५). *प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण.* मुन्नी भण्डारी ।
बस्याल, कृष्णप्रसाद (२०३४). *सुस्केरा* (कविता सङ्ग्रह). कृष्णप्रसाद बस्याल ।
राणा, जगदीश शमशेर (२०४५). *दश दृष्टिकोण.* श्रीमती भुवन राणा ।
सिंह, कवीन्द्रमान (२०५४). *क्षितिज परिवेशभित्र.* ई. सतीशप्रसाद प्रधान ।
सुमन, गोविन्द (२०३८). *खुट्टाको बुई र मुटुको बोल.* गोविन्द 'सुमन' ।